# उच्च अदालत विराटनगर

## इलाम इजलास इलाम

पत्र संख्याः-
चलानी नं.:-272

मितिः-२०७८।०५।०१

**सूचना !** **सूचना !!** **सूचना !!!**

हाल विश्वभर नयाँ भेरिएन्टसहितको कोरोना भईरस (कोभिड-१९) संक्रमण बढिरहेको र यस इलाम जिल्लामा कोरोनाको प्रकोप बढिरहेको भएतापनि आवश्यक सतर्कता अपनाई सर्वसाधरणलाई प्रदान गरिने सेवा केहि खुकुलो गर्ने गरी जिल्ला प्रशासन कार्यालय इलामबाट निर्णय भई सूचनासमेत प्रकाशित भएको सन्दर्भमा मिति २०७८।०५।०१ गते वेञ्च बारको संयुक्त बैठक बसी यस अदालतबाट प्रदान गरिने सेवा तथा मुद्दाको सुनुवाईका सन्दर्भमा देहाय बमोजिम हुने गरी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ ।

१, सेवा प्रदान गर्दा नेपाल सरकार स्वास्थ्य मन्त्रालय समेतले तोकेका स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गराउने ।

२, मुद्दा दर्ता सम्बन्धी सम्पूर्ण कामकारवाहीहरु खुला गर्ने ।

३, थुनुवा मुद्दा, रिट, नेपाल सरकारको पूनरावेदन, जिल्ला अदालत वा तल्लो निकायले गरेको आदेश उपरको उजुरी निवेदन भिडभाड नहुने गरी क्रमिक रुपम सुनुवाई गर्दै जाने ।

४, म्याद, तारेख, हदम्यादको सन्दर्भमा निषेधाज्ञा पूर्णतया हटि यातयात सञ्चालन भएपछि कानून बमोजिम थाम्ने थमाउने कार्य गर्ने गराउने ।

७८।०५।०१

युगेनकाजी बान्तवा
(शखा अधिकृत)